# स्थानीय राजपत्र


## हुप्सेकोट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ७) साउन २ गते, २०८० साल संख्याः २


## भाग १

## हुप्सेकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## झ्यालबास,नवलपरासी (ब.सु..पू.)गण्डकी प्रदेश

नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँ सभामा यो ऐन प्रस्तुत गरिएको छ ।

## हुप्सेकोट गाउँपालिकाको विनियोजन ऐन, २०८०

सम्वत् २०८० सालको ऐन नं. २


मूल्य रु :५/-

# हुप्सेकोट गाउँपालिकाको विनियोजन ऐन, २०८०

## प्रस्तावनाः-

हुप्सेकोट गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँ सभामा यो ऐन प्रस्तुत गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः-

(१) यस ऐनको नाम " हप्सेकोट गाउँपालिकाको विनियोजन ऐन, २०८० रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट पारित भए पश्चात् मिति २०८० श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

## २ आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५१७८८४६००।- (अक्षेरुपी एकाउन्न करोड अठहत्तर लाख चौरासी हजार छ सय रुपैंया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

## ३. विनियोजनः

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(१)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँकार्यपलिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपूग हुने देखिन आएमा गाउँकार्यपालिकाले वचत हुने शीर्षक बाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची- १

(दफा२ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम रु हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | प्रशासनिक तथा कार्यालय संचालन | ८२७०० | | | ८२७०० |
| २ | | गाउँपालिका स्तरीय योजनाहरु तथा विषयगत शाखाका कार्यक्रमहरु | ६५९०४ | ९९१८० | | १६५०८४ |
| ३ | | वडास्तरीय योजनाहरु | ४०७५ | २५९२५ | | ३०००० |
| ४ | | संघीय सरकार -सशर्त अनुदान | १९४६०० | ११५०० | | २०६१०० |
| ५ | | संघीय सरकार समपूरक अनुदान | | ६००० | | ६००० |
| ६ | | संघीय सरकार विशेष अनुदान | | १८००० | | १८००० |
| ७ | | प्रदेश सरकार सशर्त अनुदान | | २५०० | | २५०० |
| ८ | | प्रदेश सरकार समपूरक अनुदान | | ५००० | | ५००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | | प्रदेश सरकार विशेष अनुदान | | २५०० | | २५०० |
| | जम्मा | | **३४७२७९** | **१७०६०५** | | ५१७८८४ |

गाउँ सभाबाट स्वीकृत मितिः२०८०।३।१२

प्रमाणीकरण मितिः २०८०।३।१२

प्रकाशित मिति : २०८०।४।२

आज्ञाले,

टंकनाथ घिमिरे

प्रमुख प्रशासकीय अधिकृत